बालक्लबलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने निकाय तथा व्यक्तिहरुनै बालक्लब तथा बालक्लब संजालका सरोकारवालाहरु हुन् । संजालले कुन सरोकारवालाले बालक्लब र संजालको लागि के सहयोग पुर्‍याउन सक्दछ भन्ने कुरा विचार गरि संजालको र संजाल अन्तरगत रहेका क्लबहरुको काममा सहयोग पुर्‍याउन आवस्यक समन्वय र सहकार्यको वातावरण मिलाउनु मिलाउनुपर्दछ । उदाहरणका लागि बालक्लब तथा बालक्लब संजालका केहि सरोकारवालहरु निम्नानुसार हुनेछन् :

क) धुर्कोट गाउँपालिका

ख) विद्यालय र शिक्षकहरु

ग) समुदाय र छरछिमेकहरु

घ) टोल संरक्षण महिला मञ्च

ङ ) स्वास्थ्य स्वयं सेविकाहरु

च) स्थानिय गैह्र सरकारी संघसंस्थाहरु

छ) उद्योग र ब्यापार संघ

ज) सामुदायिक वन उपभोक्ता समुह

झ) प्रहरी चौकी

ञ) स्थानिय यूवा सहजकर्ताहरु,

ट) स्वास्थ्य चौकी आदी ।

खण्ड ४

बालक्लबको आचारसंहिता सम्बन्धि ब्यवस्था

४.१ बालक्लबको आचारसंहिता :

बालक्लबको आफ्नै आचारसंहिता हुनेछ । यस्तो आचारसंहिता निम्न मूल्य मान्यताका आधारमा जिल्ला बाल भेलाले पारित गरी लागु गर्न सक्नेछ :

क) सकेसम्म आफ्नो काम आफै गर्ने

ख) बालक्लबको जिम्मेवारी पुरा गरिरहँदा कसैप्रति पक्षपात नगर्ने

